स्थानीय पाठ्यक्रमः

# विपद् जोखिम न्युनीकरण

## कक्षा २

युनिसेफको आर्थिक तथा प्राविधिक सहयोगमा
आसमान नेपाल, जनकपुरद्वारा प्रकाशित
**स्थानीय पाठ्यक्रमः विपत् जोखिम न्युनीकरण**

**प्रथम प्रकाशन** : माघ २०७६
© आसमान नेपाल

# बिषय सूची


| | | |
|---|---|---|
| १. | बाढी | १ |
| २. | भूकम्प | ७ |
| ३. | हावाहुरी र असिना | ९ |
| ४. | सडक दुर्घटना | ११ |
| ५. | लू र चट्याङ | १३ |

पाठ - १

# बाढी





# लय मिलाएर पढ

जब झमझम करके बारीस होल,
पानी परेला जादा ॥

तब नदीनालामे भरके,
पानी आवेला जादा ॥

जीव जनावर बाली-नाली,
सब पर असर परेला जादा ॥

धनजन के क्षति होला,
आपत परेला जादा ॥

जब झमझम करेल
जब झमझम करेल ॥

जब घरद्वारमामे पानी पइसल,
उठल, बेठल कठिन होल ॥

घरके सम्पति सब पानी से,
बाढी के कारण नोक्सान होल ॥

जीव जनावर आदमी सब के,
खाना भेटल मुस्किल होल ॥

जब झमझम करके बारीश होल,
जब झमझम करके बारीश होल ।

**शिक्षकलाई निर्देशनः** शिक्षकले कवितालाई स्वयम् पहिला लयबद्ध तरिकाले गाउने र विद्यार्थीलाई पनि गाउन लगाउने ।

# डुबान र कटान






# लय मिलाएर पढ

पानी पर्‍यो, पानी पर्‍यो, ठुलो पानी पर्‍यो
घर आगँन डुब्न थाल्यो, ठुलो पानी पर्‍यो ।
पानी पर्‍यो ..........................................

घरको छाना चुहिन थाल्यो, ठुलो पानी पर्‍यो ।
सडक नाला फुट्न थाल्यो, ठुलो पानी पर्‍यो ।।
पानी पर्‍यो .....................................

रुखहरू ढल्न पुगे, ठुलो पानी पर्‍यो ।
चराचुरुङ्गी भिज्न थाले, ठुलो पानी पर्‍यो ।।
पानी पर्‍यो, पानी पर्‍यो .......................

खेतबारीको तरकारी सबै बगाइ लग्यो ।
घरभित्र अन्न पानी सबै भिजिसक्यो ।।
राहत र बचाउ कार्य सबैले गर्नुपर्छ ।
विपत्तिको यो घडीमा अघि बढ्नुपर्छ ।।
पानी पर्‍यो, पानी पर्‍यो, ........................
घर आँगन ..........................................

**शिक्षकलाई निर्देशनः**

❖ कक्षाकोठामा शिक्षकले हाउभाउसाथ लयबद्ध तरिकाले गाउने र बालबालिकाहरूलाई पनि गाउन लगाउने ।

**ख) क्रियाकलाप अभ्यास**

❖ सबैले पालैपालो गाएर अभ्यास गर्ने र शिक्षकले अर्थ बताउने ।

❖ शिक्षकले पहिला लयबद्ध तरिकाले स-स्वर वाचन गरिदिने ।

❖ यसपछि शिक्षक र विद्यार्थी सँगसँगै गाउने ।

❖ विद्यार्थीहरूलाई मात्र गाउन लगाउने ।

**ग) मूल्याङ्कन**

❖ कठिन शब्द उच्चारण गर्न लगाउने ।

❖ कविताको चार हरफलाई वाचन गर्न लगाउने ।

१. पानी कस्तो पर्‍यो ?

........................ ठूलो

२. पानीले के डुब्न थाल्यो ?

.................... घर आँगन

३. पानीले के चुहिन थाल्यो ?

................. घरको छाना

४. पानी बढेको खोलाले केके बगाई लग्यो ?

.................. खेतबारी र त्यसमा भएको तरकारीहरू

५. पानीले घरभित्रको के भिजिसक्यो ?

.................... अन्नहरू

६. विपत्तिको घडीमा अघि बढेर के गर्नुपर्छ ?

....................... राहत र बचाउ

# लय मिलाएर पढ

घरको आँगन मेरो, बाढी पसे पछि ।
मज्जा लाग्यो, हेर्छु बसीबसी ।।

एकैछिनमा देखेँ, घरमा पस्यो पानी ।
बल्ल थाहा पाएँ, यसले गर्ने हानी ।।


कतिजना आए, हाम्लाई लगे बोकी ।
मेरी बैनी उस्तै, ह्वाँह्वाँ गर्दै रोकी ।।

आजदेखि हाम्रो, स्कुलमा बास ।
राम्रो हैन बाढी, गर्ने रैछ नाश ।।

**शिक्षकलाई निर्देशनः** शिक्षकले कवितालाई स्वयम् पहिला लयबद्ध तरिकाले गाउने र विद्यार्थीलाई पनि गाउन लगाउने ।

**पाठ - २**

# भूकम्प





# लय मिलाएर पढ

घरको छाना, पर्खालहरू, हल्लियो कसरी !
कोठाको खाट, दराज पनि हल्लियो कसरी ॥
बिजुलीको पोल खसेको देखेँ सडकको नालामा ।
देखेको दृश्य अनौठो लाग्यो २०७२ सालमा ॥
घर र आँगन तल र माथि अगाडि पछाडि ।
जमिन सबै काँप्न थाल्यो सबैको अगाडि ॥
यो के हो भन्दै सोधेको मैले बाबा र आमालाई ।
विपत्को भूकम्प यही बाबु भनिदेऊ मामालाई ॥
भूकम्पको बेला नभाग हेर हतार गरेर ।
टेबुलको मुनि लुकेर बस अगाडि सरेर ॥

**क्रियाकलाप अभ्यास**

- ❖ सबै विद्यार्थीहरूलाई लयबद्ध तरिकाले भन्न अभ्यास गराउने ।
- ❖ कठिन शब्दहरू शब्दपत्तीको माध्यमबाट बुझाउने ।
- ❖ कठिन शब्द उच्चारण गर्न लगाउने ।

**मूल्याङ्कन**

१) भूकम्प आउँदा केके हुन्छ ? .......................................

२) केके देखेर अनौठो लाग्यो ?.......................................

**शिक्षकलाई निर्देशनः** यो कविता शिक्षकले कक्षाकोठामा "मुना मदन" को लयमा मिलाएर गाउने र विद्यार्थीहरूलाई गाउन लगाउने । साथै अर्थ समेत बताउने ।

पाठ - ३

# हावाहुरी र असिना







**शिक्षकलाई निर्देशन :**

- ❖ कक्षामा शिक्षकले कविता लयबद्ध तरिकाले गाउने र अर्थ बुझाउने । पाठसम्बन्धी चित्र प्रदर्शन गरी हेर्न लगाउने र ति सम्बन्धी कुराहरू विद्यार्थीहरूसँग छलफल गर्ने ।
- ❖ चित्रसम्बन्धी प्रश्न गर्दा शब्दको उच्चारणमा सहजीकरण गरिदिने ।

**क्रियाकलाप :**

- ❖ शिक्षकले आफैं लयबद्ध तरिकाले गाएर विद्यार्थीलाई सुनाइ दिने ।
- ❖ विद्यार्थी र आफैं सँगसँगै गाउन लगाउने ।
- ❖ त्यसपछि विद्यार्थीबाट पनि गाउन लगाउने ।
- ❖ पाठसम्बन्धी चित्र हेराई छलफल गर्ने ।

**मूल्याङ्कन :**


- ❖ पाठसम्बन्धी कवितालाई लयबद्ध तरिकाले गाउन लगाउने ।
- ❖ कठिन शब्दको उच्चारण गर्न लगाउने ।

**पाठ - ४**

# सडक दुर्घटना




एक गाउँमा कुनै केटो बस्थ्यो । त्यो केटो धेरै चकचके थियो । एक दिनको कुरा हो त्यो केटो पढ्न बसबाट सहर जाँदा बसबाट खस्यो र त्यो केटोलाई चोटपटक लाग्यो । तैपनि केटाले आफ्नो चकचके बानी छोडेन । एक दिनको कुरा हो, त्यो केटो स्कुलबाट फर्कने क्रममा बाटोमा खेल्दै आउँदा बसले ठक्कर दियो । त्यस दुर्घटनामा केटाको मृत्यु भयो ।

**शिक्षकलाई निर्देशन:**

- ❖ पाठसम्बन्धी कथालाई शिक्षकले स्पष्ट तरिकाले वाचन गरेर सुनाई विद्यार्थीलाई वाचन गर्न लगाउने ।
- ❖ पाठसम्बन्धी चित्रहरू कक्षाकोठामा प्रदर्शन गर्ने ।
- ❖ दुर्घटनाबारे परिचय दिंदै छलफल गर्न लगाउने ।
- ❖ सामान्य गाउँघरमा सडक दुर्घटनाबारे छलफल गर्दै बताइ दिने ।

## क्रियाकलाप

- ❖ शिक्षकले कथालाई आफैँ पहिला स्पष्ट तरिकाले वाचन गरी विद्यार्थीलाई पनि सँगसँगै वाचन गर्न लगाउने र पछि विद्यार्थीबाट वाचन गर्न लगाई आफूल सहयोग दिने ।
- ❖ पाठसम्बन्धी चित्र हेर्न लगाउने ।
- ❖ हेरी सकेपछि छलफल गर्न लगाई दुर्घटनाको किसिम बारे बताई दिने ।
- ❖ कठिन शब्द उच्चारण गर्न लगाउने ।

## मुल्याङ्कन

- ❖ कथालाई समूहगत वा एक/एक गरी वाचन गर्न लगाउने ।
- ❖ चित्रहरू देखाई चित्रमा भएको घटनाबारे भन्न लगाउने ।

पाठ - ५

# लू र चट्याङ







चट्याङले गर्दा जनावरहरू मरेका



लू लागेका बिरामीहरू

# लय मिलाएर पढ

वर्षा भीषण यो पस्यो घरघरै, बढ्दैछ चिन्ता भय,
सुन्दैछौँ पहिरो गयो सडकमा, खुल्दैन विद्यालय ।।
बारीमा पसिना र रगत, अहिले बेकार नै भो धन,
डुब्दा आज विशाल देश जनता, चर्केछ मेरो मन ।।
बाटो नै अवरुद्ध भए, फर्किन्न कोही किन,
यस्तो आपत भोग्नुपर्छ, देखियो दुर्दिन ।
मर्दैछन् कमिलाहरू, धर्ती रुदै छिन् अति,
लागी श्राप यहाँ, अबोध बिरुवा मर्नेहरू छन् कति ।।
धेरैको घर भत्किँदा, कति जना मर्छौं चिच्याई भने ।
केही छैन कि भैँ दया र ममता, बाढी भनै उफ्रने ।।
हाम्रो आँगनमा जलामय, आपत्ति आयो किन,
ढाक्यो काल आज, छोड्यो उज्यालो दिन ।।
वर्षाले पशु, खेत, बालकहरू, बग्दै गएछन् कहाँ,
बा आमा पनि पीरले फनफनी घुम्दैछन् यहाँ ।।
खोला पस्छ भनेर कष्ट अझै, भाग्ने कता हो कता,
पाखामा जिउँदै मरे कति, छैन् कि छन् देवता ।।
सुन्छौँ ड्याम फुटे अनि ढकुढुकी बढ्दैछ चिन्ता गरौँ,
वास्ता गर्छन र को, समुद्र अहिले हामी मिली तरौँ ।।।

**शिक्षक निर्देशन :**

- ❖ लू र चट्याङबारे छलफल गर्दै यिनीहरूबाट हुने असर प्रस्ट पार्ने ।
- ❖ कक्षाकोठामा लयबद्ध/हाउभाउ साथ प्रस्तुत गर्दै विद्यार्थीहरूलाई पनि सँगसँगै वाचन गर्न लगाउने ।
- ❖ विद्यार्थीलाई थाहा भएको लू र चट्याङ सम्बन्धी कुराहरू कक्षाकोठामा प्रस्तुत गर्न लगाउने ।

## क्रियाकलाप अभ्यास

- ❖ शिक्षकले कवितालाई लयबद्ध/हाउभाउ साथ गाउने, विद्यार्थी सँगसँगै गाउने र विद्यार्थीबाट गाउन लगाउने ।
- ❖ चित्र देखाई चित्रमा भएको घटनाबारे छलफल र विद्यार्थीबाट गाउन लगाउने ।

## मूल्याङ्कन

- ❖ कवितामा भएका कठिन शब्द उच्चारण गर्न लगाउने ।
- ❖ पाठसम्बन्धी चित्र देखाई भएको घटनाबारे बताउन लगाउने ।